# रोहिणी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
धकधई, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल


प.सं.:

च.नं.:

मिति: २०७८/०६/२४

## गहुँको उन्नत विउ खरिद सम्बन्धी बोलपत्र आह्वानको सूचना ।

(प्रथम पटक प्रकाशित मिति: २०७८/०६/२४)

रोहिणी गाउँपालिकाको आ.व.२०७८/७९ को गहुँ उत्पादन प्रबद्धन कार्यक्रम(बाली विकास कार्यक्रम) सशर्त अनुदान र जनसहभागितामा आधारित बार्षिक कार्यक्रम अनुसार ५० प्रतिशत अनुदानमा गहुँको उन्नत विउ वितरण कार्यकम बमोजिम गहुँको उन्नत विउ आपुर्ती गर्नुपर्ने भएकोले ईच्छुक विउविजनको कारोबार गर्न इजाजत प्राप्त विकेता वा कृषक समुह वा कृषि सहकारी वा विउ उत्पादक कम्पनीहरुबाट गहुँको उन्नत विउ आपूर्ति गर्न तपसिल बमोजिमको बोलपत्र आह्वान गरिएको छ ।

तपशिल:

| ठेक्का नं. | ठेक्काको विवरण | कुललागत अनुमान रु. | बोलपत्र फारम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| 03/NCB/GOODS/RRM/2078-79 | गहुँ उत्पादन प्रबद्धन कार्यक्रम(बाली विकास कार्यक्रम) | ३०,००,०००/- | .३०००/- | ७५,०००/- | |

नेट: १.गहुँको उन्नत विउ खरिदको बोलपत्र सम्वन्धी विस्तृत जानकारी एवं शर्तहरु कार्यालयको सुचना पाटी तथा रोहिणी गाउँपालिकाको वेवसाईड www.rohinimun.gov.np मा राखिएको छ ।

३. बोलपत्र प्रथम पटक प्रकाशित मितिले ३० दिन सम्म कार्यालय समय भित्र खरिद गर्न सकिने छ । ३१औं दिनको दिउसो १२:०० बजे सम्म दर्ता गराउन सकिने छ । सोहीदिनको दिउसो २:०० बजे खोलिने छ ।

२.यस सम्बन्धि थप जानकारी आवस्यक परेमा रोहिणी गाउँपालिकाको कार्यालय तथा कृषि विकास शाखाको मो. नं.९८०६९६८१७८,९८४४७११७३,९८१०७२३३५५ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ ।

(रोमनाथ न्यौपाने )
प्रमुख प्रशासकीय अधिकृत

रोमनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत


Phone: 071-411047 Fax: 071-411047 Email: rmdr073@gmail.com

# रोहिणी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
धकधई, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल


प.सं.:

च.नं.:

मिति: २०७८/०६/२४

## गहुँको उन्नत विउ खरिदको बोलपत्र सम्वन्धी विस्तृत जानकारी एव शर्तहरु

१. बोलपत्र आह्वानको सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३०दिन भित्ररु.३०००/-(तीनहजार पछी फिर्ता नहुने गरी) तिरी प्राप्त गरेको रसिद वा एन.आई.सी.एशिया बैंक, धकधई मा रहेको यस गा.पा.को आन्तरिक राजश्व खाता नं.०९४२०५००२९२११००३ मा जम्मा गरेको भौचर, आ.ब.२०७८/७९ को लागि नविकरण भएको प्रमाणपत्र, मु.अ.क. मादर्ता भएको प्रमाणपत्रर आ.व.२०७७/७८ सम्म कर तिरेको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपीहरु, सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी, विउविजन उत्पादन तथा विकी वितरणको इजाजतपत्र, आपुर्ती गरिने विउको हरेक लटको आधिकारीक प्रयोगशालाबाट परिक्षण गरिएको बीउ परिक्षण सम्बन्धि प्रतिवेदन, स्थाई लेखा नं.प्रमाणपत्र, आ.व.२०७७/७८ को लेखा परिक्षण प्रतिवेदन, खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको लिखितस्व-घोषणा पत्र र प्रोप्राइटर स्वयं उपस्थित नभएमा निजको मन्जूरी नामाको सक्कलै निवेदन संलग्न गरी यस कार्यालयको जिन्सी शाखाबाट बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिले बोलपत्र खरिद गर्न सक्नेछ ।

२.यस कार्यालयको कार्यालय प्रमुखले दस्तखत गरेको र कार्यालयको छाप लागेको दरभाउ पत्र खरिद गरी सोही फारममा दरभाउपत्र पेश गर्नुपर्नेछ

३.बोलपत्र बाहिर खाममा कार्यालयलाई सम्बोधन गरी कामको नाम र ठेक्का नं. स्पस्ट उल्लेख गरी आपुर्तीकर्ताको नाम र छाप लगाएको सिलबन्दीको लाहाछाप को नाम र संख्या स्पस्ट उल्लेख हुनुपर्नेछ ।

४. कार्यालय बाटविकी नभएको, जमानत संलग्न भई नआएको, एउटाको जमानत अर्कोमा रहेको, बाहिर खाममार बोलपत्रको ब्यहोरा फरक परेको, शिलबन्दीभई नआएको कुनै शर्त राखीवा कैफियतजनाई प्राप्तभएको र रीत नपुगेको , बोलपत्रउपर कुनै कार्यवाही गरिने छैन ।

५. बोलपत्र प्रथम पटक प्रकाशित मितिले ३१औं दिनको दिउसो १२:०० बजे भित्रदर्ता गराउनु पर्नेछ । तोकेको मिति तथा समय भन्दा पछी बुझाएको बोलपत्र स्वीकार गरिने छैन । सोही दिनको दिउसो २:०० बजे उपस्थित दाता वा प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा बोल पत्र खोलिनेछ । बोलपत्रदाता वा प्रतिनिधि उपस्थितन भएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

६. बोलपत्रदाता ले धरौटीवापतको रकम रु.७५०००/-(पचहत्तरहजार मात्र) रोहिणी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय रुपन्देहीको नाममा एन.आई.सी. एशिया बैंक धकधई शाखामा रहेको धरौटी खाता नं.९४४१४९८७३४५२४००२ माजम्मा गरेको सक्कल भौचर वा नेपाल सरकारबाट मान्य हुने बैक बाट यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र पेश गर्न अन्तिम मितिले कम्तिमा १२० दिन म्याद भएको दरभाउपत्र जमान ( विडबण्ड) दरभाउपत्र साथ पेश गर्नुपर्नेछ । घटी म्यादवा घटी रकम समावेश भएको बोलपत्र उपर कार्यवाही हुने छैन ।

७. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खोलिने दिनबोलपत्र खरिद गर्न, दाखिलागर्न र खोल्न सकिने छ ।

८.पेश भएको बोलपत्रको कबुल रकमको अंक र अक्षरमा फरक परेमा अक्षरलाई मन्यता दिईनेछ ।

रोमनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धकधई, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

गाउँ कार्यपालिकाको कार्यालय धकधई, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल २०७३

प.सं.:
च.नं.:

मिति: २०७८/०६/२४

९. पेश भएका बोलपत्र स्वीकृत गर्ने वा कुनै पनि कारणजनाई वानजनाई सूचना नै रद्द गर्ने सम्पुर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

१०. म्याद नघि आएको, रीत नपुगेको शर्त राखिएको शिलबन्दी बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन।

११. एक फर्मको नाममा खरिद गरिएको बोलपत्र आर्को ब्यक्ति वाफर्मको नाम बाट दाखिला गर्न पाईने छैन।

१२. खरिद गरिने समाग्रीको तोकिएको स्पेशिफिकेशन अनुसार गर्नुपर्नेछ।

१३. यसमा उल्लेख भए देखि बाहेकका अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्बजनिक खरिद नियमावली २०६४, रोहिणी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०६६, विउविजन नियमावली २०६९ तथा अन्य प्रचलित कानुन अनुसार हुनेछ।

१४. आपूर्ति कर्ताले गाउँपालिका भित्र वडा कार्यालयहरु सम्म ढुवानी गर्नु पर्ने छ।

१५. यस सम्बन्धि थप जानकारी आवस्यक परेमा यस गा.पा.को कृषि शाखाको मो. नं.९८०६९६८१७८, ९८४४७११७३, ९८१०७२३३५५ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ।

(रोमनाथ न्यौपाने)
प्रमुख प्रशासकीय अधिकृत

रोमनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत